# जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धान कार्यविधि
# २०८२

नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

२०८२

विधायनको प्रकृति: कार्यविधि
दर्ता नं. ०६।०८२
दर्ता मिति: २०८२।०४।०६
बाबुर, न्याय तथा संसदीय मामिला मन्त्रालय

महानिर्देशकबाट स्वीकृत मिति- २०८२।०४।०९

# जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धान कार्यविधि, २०८२

प्रस्तावना: भन्सार ऐन, २०६४ को दफा २८ को उपदफा (८) तथा दफा ९१ को उपदफा (२) ले गरेको व्यवस्था वमोजिम एक पटक जाँचपास भएको वस्तु नियन्त्रणमा लिई पुनः जाँच तथा अनुसन्धान गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन बाञ्छनीय भएकोले सोही ऐनको दफा ९३ को खण्ड (ज) बमोजिम भन्सार विभागले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धान कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि महानिर्देशकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्छ।

(ग) "महानिर्देशक" भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ। सो शव्दले निजको अनुपस्थितिमा निमित्त भई महानिर्देशकको काम गर्ने विभागको उपमहानिर्देशकलाई समेत जनाउँदछ।

(घ) "वस्तुको पुनः जाँच तथा अनुसन्धान" भन्नाले एक पटक जाँचपास भएको वस्तु निकासीकर्ता वा पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्र बाहिर लगि सकेपछि भन्सार अधिकृत वा महानिर्देशकले तोकेको अधिकृतले नियन्त्रणमा लिई पुनः जाँच तथा अनुसन्धान गर्ने कार्यलाई सम्झनु पर्छ।

(ङ) "कार्यालयको प्रमुख" भन्नाले भन्सार कार्यालयको प्रमुख सम्झनु पर्छ र सो शव्दले कार्यालय प्रमुखको अनुपस्थितिमा निमित्त कार्यालय प्रमुख भई दैनिक कार्य सञ्चालन गरिरहेको कर्मचारीलाई समेत जनाउँदछ।

(च) "कर्मचारी" भन्नाले विभाग एवं मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(ज) "मातहत कार्यालय" भन्नाले ऐनको दफा ४ र दफा ४क. बमोजिम स्थापना भएको भन्सार कार्यालय र भन्सार जाँचपास परीक्षण कार्यालय सम्झनु पर्छ।



महानिर्देशक

(झ) "सूचना" भन्नाले खण्ड (घ) बमोजिम गरिने जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धानसँग सम्बन्धित विषयमा जुनसुकै स्रोत र जुनसुकै माध्यमबाट जुनसुकै स्वरुपमा विभाग वा कार्यालयमा प्राप्त हुन आएको जानकारी वा सूचना सम्झनु पर्छ।

## परिच्छेद-२

## वस्तुको पुनः जाँच तथा अनुसन्धान

३. सूचना प्राप्तिः (१) कुनै पनि निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा घोषणा गरी जाँचपास भई सकेको वस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, वर्गीकरण उपशीर्षक, परिमाण, उत्पत्तिको मुलुक, ब्राण्ड, मोडेल र गुणस्तर मध्ये सबै वा कुनै विवरण फरक पारी महसुल छली गरेको वा जालसाजी, कीर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानी नोक्सानी पुर्‍याएको वा पुर्‍याउने प्रयत्न गरेको वा प्रतिवन्धित वस्तु घोषणा गरेको वा वस्तु नै घोषणा नगरेको वा न्यून बीजकीकरण गरेको वा अधिक बीजकीकरण गरेको भनी विभागमा प्राप्त हुन आएको सूचनालाई महानिर्देशकले व्यवस्थित र गोप्य रुपमा अभिलेखबद्ध गरी राख्न लगाउन सक्नेछ।

(२) महानिर्देशकले विभाग तथा कार्यालयको अभिलेख तथा अन्य जुनसुकै स्रोतबाट सूचना लिई उपदफा (१) बमोजिम राख्न लगाउन सक्नेछ।

(३) महसुल छली तथा राजस्वमा हानी नोक्सानी पुर्‍याउने सम्बन्धी सूचना दिने व्यक्तिको नाम थर गोप्य राख्नु पर्नेछ।

४. वस्तुको पुनः जाँच तथा अनुसन्धान गर्न सक्नेः भन्सार कार्यालयमा घोषणा गरी जाँचपास भएको वस्तु निकासीकर्ता वा पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानु अघि वा भन्सार क्षेत्र बाहिर लागी सकेपछि ऐनको दफा २८ को उपदफा (८) बमोजिम भन्सार अधिकृतले र सोही ऐनको दफा ९१ को उपदफा (२) बमोजिम महानिर्देशकले तोकेको अधिकृतले त्यस्तो वस्तु नियन्त्रणमा लिई पुनः जाँच तथा अनुसन्धान गर्न सक्नेछ।

५. कार्यादेश सम्बन्धी व्यवस्थाः दफा ४ बमोजिमक जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धानको लागि अनुसूची -१ बमोजिमको ढाँचामा कार्यादेश दिनु पर्नेछ।

६. वस्तुको पुनः जाँच तथा अनुसन्धान गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाः वस्तुको पुनः जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृतले देहाय बमोजिमका प्रक्रिया अवलम्वन गर्न सक्नेछः-

महानिर्देशक

(क) वस्तु नियन्त्रणमा लिई जाँच गर्नुपूर्व सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा भन्सार एजेन्टलाई अनुसूची-२ बमोजिमको ढाँचाको सूचना दिने र त्यस्तो वस्तुको जाँच गर्दा अनुसूची-३ बमोजिमको ढाँचाको मुचुल्का तयार गर्ने,

(ख) जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्दा सम्बन्धित व्यक्ति वा निकायबाट थप जानकारी, तथ्याङ्क वा कागजात माग गरी विश्लेषण गर्ने,

(ग) सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टको रोहवरमा वस्तुको जाँच गर्ने,

तर निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्ट उपस्थित नभएकै कारणले मात्र वस्तुको जाँच गर्न बाधा पर्ने छैन।

(घ) वस्तुको धनी वा भन्सार एजेन्टसँग थप केही बुझ्नु पर्ने भएमा बुझ्ने।

७. <u>वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृतको काम, कर्तव्य र अधिकार :</u> वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आफूलाई तोकिए बमोजिम जाँचपास भएको वस्तु नियन्त्रणमा लिई त्यस्तो वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्ने वा गर्न लगाउने,

(ख) आवश्यक परे कुनै सरकारी निकाय, सम्बन्धित व्यक्ति तथा संस्थासँग रहेको अनुसन्धानसँग सम्बन्धित कागजात, अभिलेख र विवरण माग गर्ने,

(ग) प्राप्त भएका कागजात, अभिलेख र विवरणको विश्लेषण गर्ने,

(घ) कुनै वस्तुको नमूना प्रयोगशालाबाट परीक्षण गराउन आवश्यक देखिएमा विभाग वा भन्सार कार्यालय वा अन्य निकायको प्रयोगशालाबाट परीक्षण गराउने,

(ङ) तोकिएको अवधिभित्र वस्तुको पुन: जाँच तथा अनुसन्धानको काम सम्पन्न गरी प्रतिवेदन पेश गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

८. <u>प्रतिवेदन पेश गर्नुपर्ने :</u> जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्पन्न भएपछि अनुसूची -४ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

९. <u>प्रतिवेदन कार्यान्वयन गर्न सक्ने:</u> (१) दफा ८ बमोजिम जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धानको प्रतिवेदन प्राप्त भएपछि महानिर्देशकले ऐनको दफा २८ को उपदफा ८ र दफा ९१ को उपदफा (३) बमोजिम भन्सार अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी प्रतिवेदन कार्यान्वयन गर्न सक्नेछ।

(२) दफा ८ बमोजिम जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धानको प्रतिवेदन प्राप्त भएपछि भन्सार अधिकृतले भन्सार ऐन, २०६४ बमोजिम आवश्यक कारवाही गर्नुपर्नेछ।

(३) दफा ८ बमोजिम जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्बन्धी प्रतिवेदन प्राप्त भएपछि वस्तु जफत गर्ने वा महसुल थप गर्ने वा दण्ड सजाय गर्ने वा अन्य कारवाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सफाई पेश गर्नको लागि अनुसूची -५ बमोजिमको ढाँचाको पत्र दिनु पर्नेछ।

(४) उपदफा ३ बमोजिमको जवाफ प्राप्त भएपछि जबाफ चित्तबुझ्दो नभएमा अनुसूची-६ बमोजिमको ढाँचाको निर्णय पर्चा खडा गरी महसुल थप वा दण्ड सजाय वा वस्तु जफत वा अन्य कारवाही गरी सोको विवरण सात दिनभित्र विभागमा पठाउनु पर्नेछ। त्यस्तो विवरण पठाउँदा जफत गरिएको वस्तु तथा सोको परिमाण, असुल गरिएको महसुल रकम, दण्ड सजाय र अन्य कारवाहीको विवरण पठाउनु पर्नेछ।

(५) यस दफा बमोजिमको वस्तुको पुन: जाँच तथा अनुसन्धान पश्चात गरिएको निर्णय उपर चित्त नबुझ्ने निकासीकर्ता/पैठारीकर्ताले ऐन बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिएकोमा उक्त पुनरावेदनको जानकारी कार्यालयमा प्राप्त भएको भए सो प्राप्त भएको मितिले सात दिनभित्र विभागमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-३
## विविध

१०. <u>सहयोग माग गर्न सकिने :</u> यस कार्यविधि बमोजिम जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि महानिर्देशकले तोकेको अधिकृत वा भन्सार अधिकृतले आफ्नो कर्तव्य पालना र अधिकार प्रयोग गर्दा कुनै सरकारी कर्मचारी, प्रहरी, वित्तीय संस्था, निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट, ढुवानी साधनको धनी एवं चालकसँग कुनै प्रकारको सहयोग, सूचना वा मद्दत माग गर्न सक्नेछ। त्यस्तो सहयोग, सूचना वा मद्दत दिनु त्यस्तो सरकारी कर्मचारी, प्रहरी वा वित्तीय संस्था, निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट, ढुवानी साधनको धनी एवं चालकको कर्तव्य हुनेछ।

११. <u>गोपनीयता कायम गर्नुपर्ने:</u> जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि महानिर्देशकले तोकेको अधिकृत वा भन्सार अधिकृत वा अन्य कर्मचारीहरुले आफूलाई जानकारी हुन आएको वा आफ्नो पहुँचमा भएका कुनै पनि सूचना, विवरण,

कागजात, अभिलेख, तथ्याङ्क, श्रव्य दृष्य सामग्री, तस्वीर वा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने भनी उल्लेख भएका विषय कानून बमोजिम बाहेक आफू पदमा बहाल रहँदा वा नरहँदा कुनै पनि किसिमले उपलब्ध गराउनु हुँदैन।

१२. <u>प्रचलित कानून बमोजिम हुने:</u> यो कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ।

१३. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ परेमा वा यसमा उल्लेख भएको कुनै विषयको व्याख्या गर्नुपर्ने भएमा विभागको महानिर्देशकले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन वा व्याख्या गर्न सक्नेछ।

महानिर्देशक

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

<u>कार्यादेश दिने पत्रको ढाँचा</u>

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

मिति:

विषय: कार्यादेश सम्बन्धमा ।

श्री ........................................।

श्री ........................................।

श्री ........................................।

......ले.... भन्सार कार्यालयमा मिति २०८../.../... गते घोषणा गरी जाँचपास भएको प्रज्ञापनपत्र नम्बर..... बमोजिमको वस्तु भन्सार ऐन, २०६४ को दफा २८ को उपदफा (८) बमोजिम/भन्सार ऐन, २०६४ को दफा ९१ को उपदफा (२) बमोजिम नियन्त्रणमा लिई त्यस्तो वस्तुको पुन: जाँच तथा अनुसन्धान गरी प्रतिवेदन पेश गर्नको लागि देहायको कार्यादेश सहित तपाईहरुलाई तोकिएको छ। महानिर्देशक/प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही आफूलाई तोकिएको अवधिभित्र वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्बन्धी कार्य पुरा गरी विभाग/...भन्सार कार्यालयमा आफ्नो सुझाव/सिफारिस सहितको प्रतिवेदन पेश गर्नु होला।

<u>कार्यादेश:</u>

१. वस्तुको घोषणा फरक पारी महसुल छली गरेको/कागजात कीर्ते गरेको/नक्कली कागजात पेश गरेको/न्यून वीजकीकरण गरेको/अधिक वीजकीकरण गरेको सूचना प्राप्त भएकोले सो भए नभएको सम्बन्धमा वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्ने,

२. वस्तुको पुन: जाँच तथा अनुसन्धानको निष्कर्षको आधारमा गर्नुपर्ने कारवाहीको सम्बन्धमा राय/सुझाव सहितको प्रतिवेदन तयार गर्ने।

३. वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्बन्धी कार्य ...दिनभित्र पुरा गरी प्रतिवेदन विभागमा/...कार्यालयमा पेश गर्ने

महानिर्देशक/प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत



महानिर्देशक

अनुसूची-२

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

<u>निकासीकर्ता वा पैठारीकर्ता वा भन्सार एजेन्टलाई दिने सूचनाको ढाँचा</u>

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

मिति:-

विषय:- वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्बन्धमा।

श्री........................

ठेगाना:-

EXIM CODE नं./भन्सार एजेन्ट नं. :-

.....नामबाट.......... भन्सार कार्यालयमा घोषणा गरी जाँचपास भएको देहायको प्रज्ञापनपत्र बमोजिमको वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नुपर्ने भएको हुँदा उक्त वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्ने कार्यको लागि सहयोग गरी दिनु हुन अनुरोध छ।

<u>तपसिल:-</u>

प्रज्ञापनपत्र नं. :-

प्रज्ञापनपत्र दर्ता मिति :-

ढुवानी साधन नं. :-

वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृत/भन्सार अधिकृत

अनुसूची-३

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

## वस्तुको जाँच गर्दा गरिने मुचुल्काको ढाँचा

............ भन्सार कार्यालयमा मिति .........गते ..............(EXIM CODE नं ....) नामबाट घोषणा गरी जाँचपास भएको देहायको भन्सार प्रज्ञापनपत्र बमोजिमको वस्तु तपसिल बमोजिमका प्रतिनिधि समेतको रोहवरमा जाँच गर्दा निम्न बमोजिमका वस्तुहरू फेला परेको व्यहोराको मुचुल्का तयार गरी श्री भन्सार विभाग/...भन्सार कार्यालय मार्फत नेपाल सरकारमा चढायौं:-

तपसील

प्रज्ञापनपत्र नम्बर:-

प्रज्ञापनपत्रको मिति:-

जाँचपास भएको मिति:-

सात्विक सिल लगाइएको भए सील नं.:-

वस्तुको जाँच पश्चात सील लगाइएको भए सील नं.:-

| क्र. सं. | वस्तुको नाम | आइटम नं. | इकाइ | घोषणा भएको वस्तुको परिमाण तथा अन्य विवरण | वस्तुको जाँच गर्दा देखिएको परिमाण तथा अन्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

उल्लिखित वस्तुको जाँच गरेको ठिक साँचो हो ।

१..............(EXIM CODE नं ......( का सञ्चालक/प्रोप्राइटर/भन्सार एजेन्ट श्री............

२. ढुवानि साधन नं............ का धनी/चालक-श्री ....................-

काम सम्पन्न गर्ने:-

१. वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृत/भन्सार अधिकृत श्री................

२. नायब सुब्बा श्री ............................

३. नायब सुब्बा श्री.............................

इति सम्वत्...... साल ...... महिना......गते....... रोज शुभम्।

महानिर्देशक

अनुसूची-४

(दफा ८ सँग सम्बन्धित)

## वस्तुको पुन: जाँच तथा अनुसन्धान सम्पन्न भए पश्चात दिइने प्रतिवेदनको ढाँचा

श्रीमान महानिर्देशकज्यू/प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत ज्यू,
भन्सार विभाग/...भन्सार कार्यालय,
...............।

विषय: प्रतिवेदन पेश गरेको सम्बन्धमा।

भन्सार विभाग/.......भन्सार कार्यालयको च.नं.... मिति........ गतेको पत्रबाट हामीलाई भन्सार ऐन, २०६४ को दफा २८ को उपदफा (८) बमोजिम /भन्सार ऐन, २०६४ को दफा ९१ को उपदफा (२) बमोजिम जाँचपास भएको वस्तुको पुन:जाँच तथा अनुसन्धान गर्नको लागि खटाइएकोमा सो कार्य सम्पन्न गरी देहाय बमेजिमको प्रतिवेदन पेश गरेका छौं।

१. आधारभूत विवरण:–

क. ढुवानी साधन तथा प्रज्ञापनपत्रको विवरण:–

| | | | |
|---|---|---|---|
| ढुवानी साधन नम्वर | | चालकको नाम, थर | |
| जाँचपास गर्ने भन्सार कार्यालय | | ढुवानीको गन्तब्य स्थान | |
| जाँचपास गरेको मिति | | प्रज्ञापनपत्र नं. | |
| जाँचपासको किसिम | पैठारी/निकासी | प्रज्ञापनपत्रको मिति | |
| घोषित जम्मा आइटम | | वस्तु निर्यात गर्ने मुलुक | |

ख. निकासीकर्ता/पैठारीकर्ता/भन्सार एजेन्टको विवरण :–

| | |
|---|---|
| निकासीकर्ता/पैठारीकर्ताको नाम | |
| आयकर दर्ता मिति | |
| VAT दर्ता मिति | |
| EXIM CODE दर्ता मिति | |
| सञ्चालक/प्रोपाइटरको नाम | |
| निकासीकर्ता/पैठारीकर्ताको ठेगाना | |
| दर्ता रहेको कार्यालय | |
| EXIM CODE NO | |
| भन्सार एजेन्टको नाम र दर्ता नं. | |
| अन्य विषय | |

२. पुन: जाँच तथा अनुसन्धानको तथ्य :–

पुन: जाँच तथा अनुसन्धानको संक्षिप्त व्यहोरा खुलाउने........

३. जाँच गर्दा प्राप्त विवरण:–

जाँच गर्दा देखिएको विवरण तालिका नं.१ बमोजिम उल्लेख गर्ने

तपसिल

महानिर्देशक

### तालिका नं.१

प्रज्ञापनपत्र नं......... मार्फत घोषणा गरिएको तथा जाँच गर्दा देखिएको वस्तुको विवरण

| ITEM NO | घोषणा गरिएको वस्तुको परिमाण | जाँच गर्दा देखिएको वस्तुको परिमाण | घोषणा गरिएको वस्तुको उत्पत्तिको मुलुक | जाँच गर्दा देखिएको वस्तुको उत्पत्तिको मुलुक | घोषणा गरिएको वस्तुको वर्गीकरण उपशीर्षक | जाँच गर्दा देखिएको वस्तुको वर्गीकरण उपशीर्षक | घोषणा गरिएको वस्तुको भन्सार ब्राण्ड/ मोडेल/ नाप/ आकार | जाँच गर्दा देखिएको वस्तुको ब्राण्ड/ मोडेल /नाप/ आकार | घोषणा गरिएको वस्तुको मूल्य | जाँच पश्चात कायम हुनुपर्ने वस्तुको मूल्य | जफत हुने वस्तुको विवरण | भन्सार ऐन, २०६४ को दफा ५७को उपदफा() बमोजिम हुने दण्ड जरीवानाको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

४. वस्तु र सोसँग सम्बन्धित कागजातको विश्लेषणः-

(१) वस्तु र सोसँग सम्बन्धित कागजातको विश्लेषण सम्बन्धी उल्लेख गर्ने

५. पुन जाँच तथा अनुसन्धान पश्चात राय/सुझाव/सिफारीसः-

राय/सुझाव सहितको सिफरीस गर्दा देहायको तालिका नं. २ बमोजिमको ढाँचा बमोजिम खुलाउने

### तालिका नं.२

प्रज्ञापनपत्र नं......... को सम्बन्धमा

| क्र. सं. | ITEM NO | वस्तुको नाम | महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही सम्बन्धी विवरण | महसुल थप//दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही हुने कारण र आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६. कागजातहरूको विवरणः

प्रतिवेदनसाथ संलग्न कागजातहरु उल्लेख गर्ने

७. प्रतिवेदकहरूः-

| क्र.सं. | पद | नाम ,थर | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | वस्तुको पुनः जाँच तथा अनुसन्धान गर्नको लागि तोकिएको अधिकृत/भन्सार अधिकृत | | | |
| २. | नायब सुब्बा | | | |
| ३. | | | | |

इति सम्वत् ...... साल ...... महिना ...... गते ....... रोज शुभम्।

नोटः प्रतिवेदनमा आवश्यकतानुसार अन्य विषयहरु थपघट गर्न सकिनेछ ।

अनुसूची-५

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही गर्नुपर्ने देखिएमा निकासीकर्ता/पैठारीकर्तालाई सफाई पेश गर्नको लागि दिने पत्रको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

.........................भन्सार कार्यालय

मिति:-

विषय:- आधार, प्रमाण र कारण पेश गर्ने सम्बन्धमा।

श्री .........................

ठेगाना:-

EXIM CODE नं./भन्सार एजेन्ट नं. :-

........... नामबाट ..................... भन्सार कार्यालयमा घोषणा गरी जाँचपास भएको प्रज्ञापनपत्र नं. ...... बमोजिमको वस्तुको पुन: जाँच तथा अनुसन्धानबाट त्यस फर्म/कम्पनीले देहाय बमोजिमको कारणबाट देहाय बमोजिमको महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही हुने देखिएकोले सो महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही नहुने कुनै आधार, प्रमाण र कारण भए यो पत्र प्राप्त भएको मितिले.......दिन भित्र आधार, प्रमाण र कारण सहित जबाफ पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तपसील

प्रज्ञापनपत्र नं. ......... को सम्बन्धमा

| क्र. सं | ITEM NO | वस्तुको नाम | महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही सम्बन्धी विवरण | महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही हुने कारण र आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

भन्सार अधिकृत

नोट: आवश्यकतानुसार अन्य विषय समेत थपघट गर्न सकिनेछ।

अनुसूची-६

(दफा ९ को उपदफा (४) सँग सम्बन्धित)

<u>प्रतिवेदन कार्यान्वयनको लागि कार्यालयको प्रमुखबाट गरिने निर्णय पर्चाको ढाँचा</u>

........... भन्सार कार्यालयमा मिति.......गते.........(EXIM CODE नं ....... (नामबाट घोषणा गरी जाँचपास भएको देहाएको भन्सार प्रज्ञापनपत्र नं...........बमोजिमको वस्तुको भन्सार ऐन, २०६४ को दफा २८ को उपदफा (८) बमोजिम भन्सार अधिकृतले वस्तुको पुन: जाँच तथा अनुसन्धान गरी पेश गरेको प्रतिवेदन/भन्सार ऐन, २०६४ को दफा ९१ को उपदफा (२) बमोजिम वस्तुको पुन: जाँच तथा अनुसन्धान गरी पेश गरेको प्रतिवेदन कार्यान्वयनको लागि लेखि आएको सम्बन्धमा जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान कार्यविधि, २०८२ को दफा ९ को उपदफा (४) बमोजिम प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृतले गरेको निर्णय पर्चा।......

१. भन्सार कार्यालयमा घोषणा गरी जाँचपास भएको प्रज्ञापनपत्र तथा वस्तुको छोटकरी विवरण:
२. वस्तुको पुन: जाँच तथा अनुसन्धान गर्नु पर्नाको कारण:
३. निकासीकर्ता/पैठारीकर्तालाई आधार, प्रमाण र कारण पेश गर्न लेखिएको पत्रको विवरण:
४. निकासीकर्ता/पैठारीकर्ताबाट पेश भएको आधार, प्रमाण र कारण:
५. निकासीकर्ता/पैठारीकर्ताले पेश गरेको आधार, प्रमाण र कारण बमोजिम हुन सक्ने वा नसक्ने आधार:
६. महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही हुनुपर्ने अवस्थामा सोको कानूनी आधार सहितको निर्णय पर्चा:- वस्तुको पुन: जाँच तथा अनुसन्धान गरी पेश भएको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा जाँचपास भएको वस्तुको पुन: जाँच तथा अनुसन्धान कार्यविधि, २०८२ को दफा ९ को उपदफा (४) बमोजिम देहायको निर्णय गरिदिए:-

    (क) महसुल थप/दण्ड सजाय/वस्तु जफत/अन्य कारवाही गर्नुपर्ने भए सो उल्लेख गर्ने।
    (ख) माथि उल्लिखित निर्णय उपर चित्त नबुझ्ने निकासीकर्ता/पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा ६२ को उपदफा (१) बमोजिम निर्णय भएको मितिले पैतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।
    (ग) निर्णय पर्चाको छाँयाप्रति विवरणसाथ संलग्न राखी विभागमा पठाउने।
    (घ) सरोकारवालाले निर्णय पर्चाको नक्कल माग गरेमा रित पुरयाइ नक्कल दिने।

इति सम्वत्...... साल ...... महिना......गते....... रोज शुभम्।

| |
|---|
| नोट:<br>- निर्णयको प्रत्येक पृष्ठको शिर पुछारमा र अन्तिम पृष्ठको मितिभन्दा माथि निर्णय गर्ने अधिकारीले सही गर्ने<br>- निर्णय पर्चाको प्रथम पृष्ठको शिरमा कम्तिमा २ इन्च, बायाँ १ इन्च, दायाँ ०.५ इन्च र तल १ इन्च छाडेर मार्जिन राखेर तयार पार्ने<br>- निर्णय गर्नुपर्ने विषयवस्तुको आवश्यकतानुसार अन्य बुँदाहरू समेत थपघट गर्न सकिनेछ |